आज मिति २०८२/०९/११ गतेको दिन बिहान ९:३० बजे यस ब्रह्मपुरी गाउँ कार्यपालिका प्रमुख श्री राम पदारथ साह तेलि ज्युको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न अनुसारको पदाधिकारिको उपस्थितिमा निम्न अनुसारको निर्णय गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष श्री राम पदारथ साह तेली | अध्यक्ष |
| २. | गाउँपालिका उपाध्यक्ष श्री श्यामकला यादव | सदस्य |
| ३. | वडा नं. १ अध्यक्ष श्री निरन्जन प्रसाद कलवार | सदस्य |
| ४. | वडा नं. २ अध्यक्ष श्री शंकर साह | सदस्य |
| ५. | वडा नं. ३ अध्यक्ष श्री गौतम कुमार यादव | सदस्य |
| ६. | वडा नं. ४ अध्यक्ष श्री श्यामा बाबु साह | सदस्य |
| ७. | वडा नं. ५ अध्यक्ष श्री नबिन कुमार यादव | सदस्य |
| ८. | वडा नं. ६ अध्यक्ष श्री हिरेन्द्र कुमार यादव | सदस्य |
| ९. | वडा नं. ७ अध्यक्ष श्री राम सागर महतो कोइरी | सदस्य |
| १०. | का. स. श्री बिना कुमारी देवी | सदस्य |
| ११. | का. स. श्री दशरथ साह कानु | सदस्य |
| १२. | का. स. श्री पल्टु माझी | सदस्य |
| १३. | का. स. श्री रेखा कुमारी महतो | सदस्य |
| १४. | का. स. श्री शिव दुलारी देवी | सदस्य |
| १५. | का. स. श्री शान्ति देवी | सदस्य |
| १६. | प्रमुख प्रशासकीय अधिकृत श्री धनन्जय प्रसाद दास | सदस्य सचिव |

**आमन्त्रित**

| | | |
|---|---|---|
| १७. | प्रशासन शाखा प्रमुख श्री रामा कान्त शाह | ज.स्वा.नि.(छैठौं |

**प्रस्ताव नं.१** गाउँ प्रहरी भर्ना सम्बन्धी कार्यतालिका स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. १** प्रस्ताव नं.१ माथि छलफल गर्दा यस कार्यालय अन्तगर्तका सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा वार्थिङ्ग सेन्टर लगायत पालिकाभित्र शान्ति सुरक्षा तथा कार्यालयको सम्पतिको सुरक्षा गर्न अति आवश्यक भएकोले मिति २०८२।०९।०६ गते कार्यपालिकाको निर्णयानुसार गाउँ प्रहरीका पदहरुमा (ब्रह्मपुरी गाउँपालिका गाउँ प्रहरी व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८२ दोस्रो संशोधन) बमोजिम सेवा करारमा गाउँ प्रहरीका पदहरुमा भर्ना प्रकृया अगाडी बढाउनका लागि तपसिलमा उल्लेख भए बमोजिम को गाउँ प्रहरी भर्ना कार्यतालिका स्वीकृत गरी प्रकाशन गर्ने निर्णय गरियो साथै यसै कार्यतालिका अनुसार कार्य कार्यान्वयन गर्न तथा प्रकृया अगाडी बढाउन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

CamScanner

तपसिलः-

| क्र.सं. | पद र तह | पदपुर्तिको किसिम | विज्ञापन /सुचना प्रकाशन | परिक्षा संचालन | नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|
| १ | गाउँप्रहरी सहायक निरीक्षक, चौथो तह | खुला | पुष | माघ | माघ/फाल्गुन | माघ/फाल्गुन |
| २ | वरिष्ठ गाउँ प्रहरी (हवल्दार),तेस्रो तह | खुला | पुष | माघ | माघ/फाल्गुन | माघ/फाल्गुन |
| ३ | गाउँ प्रहरी जवान,तेस्रो तह | खुला र महिला | पुष | माघ | माघ/फाल्गुन | माघ/फाल्गुन |

**प्रस्ताव नं.२** गाउँ प्रहरी भर्ना सम्बन्धी पाठ्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा मिति २०८२।०९।०६ गते कार्यपालिकाको निर्णयानुसार गाउँ प्रहरीका पदहरुमा (ब्रह्मपुरी गाउँपालिका गाउँ प्रहरी व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८२ दोस्रो संशोधन) बमोजिम सेवा करारमा भर्ना हुने गाउँ प्रहरीका पदहरुको लागि तपसिलमा उल्लेख भए बमोजिमको पाठ्यक्रमलाई स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो। साथै यस पाठ्यक्रम अनुसार पदपुर्ति समेत गर्ने निर्देशन दिने निर्णय गरियो ।

## गाउँ प्रहरी जवान र वरिष्ठ गाउँ प्रहरी ( हवल्दार) पदको खुला प्रतियोगितात्मक पाठ्यक्रम

सेवाः गाउँ प्रहरी तहः सहायक स्तर तेस्रो

| क्र.सं. | विवरण | पुर्णाङ्क | उत्तिर्णाङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | प्रारम्भिक छोटो सुची तथा शारीरिक तन्दुरुस्ति परीक्षण | - | पास | |
| २ | वस्तुगत परीक्षा | ५० | २० | प्रारम्भिक छोटो सुची तथा शारीरिक तन्दुरुस्ती परीक्षणमा पास हुन सफल उम्मेदवारलाई मात्र लिखित (वस्तुगत परीक्षण) परिक्षामा समावेश गरिनेछ । |
| | क.नेपाली | ५ | | |
| | ख.अंग्रेजी | ५ | | |
| | ग. गणितीय सक्षमता परिक्षण | ५ | | |
| | घ. सामान्य ज्ञान | २० | | |
| | ङ. नेपाल प्रहरी र गाउँ प्रहरी सम्बन्धी सामान्य जानकारी | ५ | | |
| | च. सामान्य बौद्धिक परीक्षण | १० | | |
| ३ | अन्तरवार्ता | ३० | - | |

लिखित परीक्षाः गाउँ प्रहरी जवान र वरिष्ठ गाउँ प्रहरी ( हवल्दार) पदको बहुबैकल्पिक वस्तुगत परिक्षाको पाठ्यक्रम

| खण्ड | विषय | पूर्णङ्क | उत्तिर्णाङ्क | अंकभार | परिक्षा प्रणाली र प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|---|
| क | नेपालीः | | | ५ | बहुवैकल्पिक वस्तुगत (५ प्रश्न ×१ अंक =५) | |
| ख | अंग्रेजी | | | ५ | बहुवैकल्पिक वस्तुगत (५ प्रश्न *१ अंक =५) | |
| ग | गणित | | | ५ | बहुवैकल्पिक वस्तुगत (५ प्रश्न *१ अंक =५) | |
| घ | सामान्य ज्ञान | | | २० | बहुवैकल्पिक वस्तुगत (२० प्रश्न *१ अंक =२०) | |
| ङ | नेपाल प्रहरी र नगर प्रहरी सम्बन्धी सामान्य | | | ५ | बहुवैकल्पिक वस्तुगत (५ प्रश्न *१ अंक =५) | |
| च | सामान्य बौद्धिक परीक्षण (आई. क्यू.) | | | १० | बहुवैकल्पिक वस्तुगत (१० प्रश्न *१ अंक =१०) | |

खण्ड "क" नेपालीः नेपाली व्याकरण (५प्रश्न *१ अंङ्क ५ )

क. सामान्य नेपाली व्याकरण (नाम, सर्वनाम, करण, अकरण र लिङ्ग परिवर्तन) सम्बन्धी सामान्य जानकारी

ख. शब्दार्थ - (प्रचलित नेपाली शब्दको अर्थ)

ग. वाक्यमा प्रयोग (प्रचलित शब्दको वाक्यमा प्रयोग)

घ. विपरीतार्थक शब्द (प्रचलित शब्दको बिपरित अर्थ)

ङ. शुद्ध लेखन (अशुद्ध गरी लेखिएको सामान्य किसिमको वाक्यलाई शुद्ध गरी लेख्ने)

**खण्ड "ख" अंग्रेजी भाषा परीक्षण १० अङ्क (५ प्रश्न १ अङ्क ५)**

1. Basic skill and knowledge in English

a. Translation English to Nepali and Nepali to English (Simple Sentences-Simple present tense with 3 to 5 words)

b. Matching different words according to their suitable words/groups

c. Spelling Writing (Two and three digit numbers)

d. Singular Plural (Simple word)

**खण्ड "ग" गणितीय सक्षमता परीक्षण २० अङ्क (५ प्रश्न १ अङ्क ५)**

(क) जोड (ठाडो / तेर्सो तीन अंक सम्मको)

(ख) घटाउ (ठाडो / तेर्सो तीन अंक सम्मको)

(ग) गुणन (दुई अंक सम्मको)

(घ) भाग (दुई अंक सम्मको)

**खण्ड "घ" सामान्य ज्ञान (२० प्रश्न १ अङ्क = २०)**

(क) नेपालको इतिहास सम्बन्धी सामान्य जानकारी

- ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले नेपालका महत्वपूर्ण स्थलहरु
- नेपालको आधुनिक इतिहास

(ख) स्थानीय इतिहास, संस्कृति, पूर्वाधार, पर्यटन तथा साझा पहिचान

- सर्लाही जिल्ला र ब्रह्मपुरी गाउँपालिकाको विशिष्ट पहिचान

➢ सर्लाही जिल्लाको मौलिक कला, धर्म, संस्कृति

➢ सर्लाही जिल्ला र ब्रह्मपुरी गाउँपालिकाको ऐतिहासिक तथा राजनीतिक पहिचान

(ग) नेपालको भूगोल सम्बन्धी सामान्य ज्ञान

➢ क्षेत्रफल, सिमाना, भौगोलिक र राजनैतिक (संघ, प्रदेश र स्थानीय) विभाजन

➢ नदी तथा हावापानीको आधारमा नेपाललाई विभाजन

➢ नेपालका प्रमुख शिखर, नदी, ताल, कुण्ड, भन्ज्याङ्ग र झरनाहरु नेपालमा पाईने बन तथा बनस...

खण्ड "ङ" नेपाल प्रहरी र नगर प्रहरी सम्बन्धी सामान्य जानकारी (५ अङ्क)

क. नेपाल प्रहरी सम्बन्धी सामान्य जानकारी

➢ नेपाल प्रहरीको संगठन संरचना, पद, दर्जा र दर्ज्यानी चिह्न

➢ ट्राफिक सम्बन्धी - (ट्राफिक चिन्ह, सडक संकेत र ट्राफिक नियम)

ख. गाउँ प्रहरी सम्बन्धी सामान्य जानकारी

➢ गाउँ प्रहरीको काम कर्तव्य र अधिकार सम्बन्धी विषय

खण्ड च सामान्य बौद्धिक परीक्षण (आई. क्यू.) (१० प्रश्न १ अङ्क १०)

क. शाब्दिक अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ – डिकोडिङ, मिल्दो नमिल्दो छुट्टयाउने, दिशा र दुरी ज्ञान सम्बन्धी परीक्षण, नाफा र नोक्सान ज्ञान सम्बन्धी परीक्षण

---

## गाउँ प्रहरी सहायक निरीक्षक पदको खुला प्रतियोगितात्मक पाठ्यक्रम

सेवाः गाउँ प्रहरी तहः सहायक स्तर चौथो

| क्र.सं. | विवरण | पुर्णाङ्क | उत्तिर्णाङ्क | |
|---|---|---|---|---|
| १ | प्रारम्भिक छोटो सुची तथा शारीरिक तन्दुरुस्ति परीक्षण | - | पास | प्रारम्भिक छोटो सुची तथा शारीरिक तन्दुरुस्ती परीक्षणमा पास हुन सफल उम्मेदवारलाई मात्र लिखित (वस्तुगत परीक्षण) परिक्षामा समावेश गरिनेछ । |
| २ | बहुवैकल्पिक वस्तुगत लिखित परीक्षा | ५० | २० | |
| | क. सामान्य ज्ञान र बौद्धिक परीक्षा | २५ | | |
| | ख. सेवा सम्बन्धी | २५ | | |
| ३ | अन्तरवार्ता | ३० | १२ | |

### लिखित परीक्षाः गाउँ प्रहरी सहायक निरीक्षक पदको बहुवैकल्पिक वस्तुगत परिक्षाको पाठ्यक्रम

| खण्ड | विषय | अंकभार | पूर्णाङ्क | उत्तिर्णाङ्क | परिक्षा प्रणाली | प्रश्न संख्या र अंकभार | समय |
|---|---|---|---|---|---|---|---|
| क | सामान्य ज्ञान र बौद्धिक परीक्षा | २५ | ५० | २० | वस्तुगत | बहुवैकल्पिक वस्तुगत (२५ प्रश्न ×१ अंक २५) | ४५ मिनेट |
| ख | सेवा सम्बन्धी | २५ | | | वस्तुगत | बहुवैकल्पिक वस्तुगत (२५ प्रश्न *१ अंक =२५) | |

खण्ड "क"    पूर्णाङ्क २५

१. सामान्य ज्ञान

१. ब्रह्मपुरी गाउँपालिकाको राजनैतिक प्रशासनिक भौगोलिक विभाजन तथा रहनसहन बारेमा जानकारी

२. नेपालको भूगोलः अवस्थिती, हावापानी, हिमश्रृंखला, नदीनाला, ताल तलैया, र वनजंगल ।

- विश्वको भूगोलः महादेश, महासागर।
- ब्रह्मपुरी गाउँपालिकाको भुगोल।

२. इतिहास, संस्कृति र सामाजिक अवस्था

- नेपालको प्राचीनकाल तथा मध्यकालको राजनीतिक, आर्थिक एवं सामाजिक सांस्कृतिक अवस्था ।
- आधुनिक नेपालको इतिहासः पृथ्वीनारायण शाह देखि वर्तमान अवस्था सम्मको राजनीतिक, आर्थिक एवं सामाजिक सांस्कृतिक अवस्था ।

३. नेपालका प्रचलित धर्म, संस्कृति, जातजाति, भाषा, साहित्य र कला।

४. नेपालमा विकासका पूर्वाधारहरुः कृषि, उद्योग, पर्यटन, शिक्षा र स्वास्थ्य।

५. पर्यावरणीय संरक्षण, जलवायु परिवर्तन, जनसांख्यिकी, शहरीकरण, बसोवास, प्रदूषण, तथा राष्ट्रिय सम्पदा, राष्ट्रिय निकुञ्ज तथा आरक्षित क्षेत्रको संरक्षण सम्बन्धी जानकारी।

६. कम्प्युटर, मोवाइल, इमेल-इन्टरनेट, सामाजिक सञ्जाल, ड्रोन, रोवोट जस्ता नविनतम प्रविधिले मानव जिवनमा पारेको प्रभाव ।

७. संयुक्त राष्ट्रसंघ तथा यसको मिसनमा नेपाल प्रहरीको सहभागिता ।

८. SAARC, BIMSTEC, INTERPOL सम्बन्धी जानकारी ।

९. राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, खेलकूद, पुरस्कार, कला र साहित्य सम्वन्धी समसामयिक घटना तथा नवीनतम गतिविधिहरुवारे सामान्य जानकारी।

१०. प्रहरी संगठन सम्बन्धी समसामयिक जानकारी, प्रहरी सेवाको दर्ज्यानी चिन्ह, पद तथा श्रेणी, ट्राफिक संकेत सम्वन्धी जानकारी।

२. सामान्य बौद्धिक परीक्षण (IQ)

क. शाब्दिक तार्किक/चार्तुयता परिक्षणमा बोध, शब्दज्ञान, अनुक्रम, समरूपता, आदि विषयवस्तु प्रश्नहरु समावेश गरनेछ।

ख. मात्रात्मक (संख्यात्मक बा अंक सम्बन्धी) तार्किक परीक्षणमा अनुक्रम (श्रेणीक्रम), समरुपता, वर्गीकरण, आदि विषयवस्तुबाट प्रश्नहरु समावेश गरनेछ ।

ग. अशब्दिक तार्किक परीक्षणमा अनुक्रम, समरुपता, एकरुपता आदि विषयवस्तुबाट प्रश्नशरु समावेश गरनेछ।

खण्ड ख    पूर्णाङ्क २५

१. सेवा सम्बन्धी ज्ञानः

(क) नेपालको संविधान

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ग) नेपाल प्रहरी ऐन, २०१२

(घ) प्रहरी नियमावली, २०७१

(ङ) ब्रह्मपुरी गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८२, (दोस्रो संशोधन)

(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको सेवा सम्बन्धी ऐतिहासिक तथा वर्तमान अवस्था वारे जानकारी

(छ) चिठी पत्र दर्ता चलानी फाइलिङ्ग टिप्पणी सम्बन्धी जानकारी

(ज) कार्यालय व्यवस्थापन सम्वन्धी जानकारी

(झ) संघीय शासन पद्धति सम्वन्धी सामान्य जानकारी

CS CamScanner